(संवत् २०७९ साल मङ्सिर मसान्तसम्म भएका संशोधन मिलाइएको)

# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५

लालमोहर र प्रकाशन मिति

२०४५।७।२८

संशोधन गर्ने ऐन

| | | |
|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (पहिलो संशोधन) ऐन, २०४९ | २०५०।२।२७ |
| | | प्रमाणीकरण र प्रकाशन मिति |
| २. | शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३➢ | २०६३।९।१४ |
| ३. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६🠸 | २०६६।१०।७ |
| ४. | नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |

२०४५ सालको ऐन नं. २०

2..................

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: आधारभूत, मध्यमस्तरीय तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न सुनियोजित रूपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको व्यवस्था तथा सीपको स्तर निर्धारण एवं प्रमाणीकरण गर्नको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

---

➢ यो ऐन संवत् २०६३ साल साउन १७ गतेदेखि लागू भएको ।

🠸 यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

१.१ यस ऐनको नाम "प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५" रहेको छ ।

१.२. यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।⊥

२. <u>परिभाषाः</u>

२.१ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा –

*२.१.१ "सभा" भन्नाले दफा २क. बमोजिम गठित प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सभा सम्झनु पर्छ ।

*२.१.२ "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापित प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् सम्झनु पर्छ ।

२.१.३ "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

📖२क. <u>प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सभाको गठनः</u>

२क.१ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सभाको गठन देहाय बमोजिम हुनेछः–

‖२क.१.१ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री वा राज्यमन्त्री – अध्यक्ष

२क.१.२ 2.............

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

⊥ मिति २०४५ फागुन १२ गतेदेखि प्रारम्भ हुन गरी तोकिएको । (ने.रा.प. २०४५।११।९)

* पहिलो संशोधनद्वारा संशोधित ।

📖 पहिलो संशोधनद्वारा थप ।

‖ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

| | | |
|---|---|---|
| २क.१.३ | सदस्य, राष्ट्रिय योजना आयोग (जनशक्ति हेर्ने) | –सदस्य |
| २क.१.४ | सदस्य, लोक सेवा आयोग | –सदस्य |
| ‖२क.१.५ | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | –सदस्य |
| ‖२क.१.६ | सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | –सदस्य |
| ‖२क.१.७ | सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | –सदस्य |
| ‖२क.१.८ | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | –सदस्य |
| ✪२क.१.८क | उपाध्यक्ष, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् | –सदस्य |
| ✖२क.१.९ | ……………… | |
| २क.१.१० | शिक्षाध्यक्ष, त्रिभुवन विश्वविद्यालय | –सदस्य |
| २क.१.११ | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | –सदस्य |
| २क.१.१२ | विश्वविद्यालयहरूका प्राविधिक डीनहरूमध्येबाट अध्यक्षले मनोनीत गरेका पाँचजना | –सदस्य |
| २क.१.१३ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीममा विशेष योगदान पुऱ्याएका | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

‖ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

✪ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।

✖ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा झिकिएको ।

व्यक्तिहरूमध्येबाट अध्यक्षले मनोनीत गरेका तीनजना –सदस्य

२क.१.१४ औद्योगिक प्रतिष्ठानहरूका व्यक्तिहरूमध्ये अध्यक्षबाट मनोनीत तीनजना –सदस्य

२क.१.१५ प्रतिनिधि, नेपाल [2]........... विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान –सदस्य

२क.१.१५क. ✖..........

२क.१.१५ख. ✖..........

२क.१.१५ग. ✖..........

२क.१.१५घ. ✖..........

२क.१.१५ङ. ✖..........

☑२क.१.१६ परिषद्का कर्मचारीहरुमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति –सदस्य–सचिव

२क.२ सभाका मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरू पुनः मनोनीत हुन सक्नेछन् ।

२क.३ सभाको बैठक सम्बन्धी कार्यविधि सभा आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

*३. <u>परिषद्को स्थापनाः</u>

३.१ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमलाई सुव्यवस्थित र स्तरयुक्त गर्न एवं त्यस्ता तालीम दिने विभिन्न निकायहरूका बीच

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

✖ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२ द्वारा थप भई शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा झिकिएको ।

☑ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

* पहिलो संशोधनद्वारा संशोधित ।



कानून तथा संसदीय मामिला मन्त्रालय

समन्वय कायम गर्न तथा सीपको स्तर निर्धारण एवं प्रमाणीकरण गर्नको लागि एक प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना गरिएको छ ।

☑३.२ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को गठन देहाय बमोजिम हुनेछः–

‖३.२.१ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री वा राज्यमन्त्री – अध्यक्ष

३.२.२ नेपाल सरकारबाट मनोनीत व्यक्ति – उपाध्यक्ष

३.२.३ सदस्य, राष्ट्रिय योजना आयोग (जनशक्ति हेर्ने) – सदस्य

‖३.२.४ सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय – सदस्य

३.२.५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको क्षेत्रमा विशेष योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट अध्यक्षले मनोनीत गरेका दुईजना – सदस्य

३.२.६ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमसँग सम्बन्धित विभिन्न संघ संस्थाबाट अध्यक्षले मनोनीत गरेका दुईजना – सदस्य

३.२.७ परिषद्का कर्मचारीहरुमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति – सदस्य–सचिव

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

☑ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

‖ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

३.३ नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी परिषद्का सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

३.४ परिषद्ले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई परिषद्को बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

३.५ परिषद्का अध्यक्ष तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३.६ परिषद्मा मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरू पुनः मनोनीत हुन सक्नेछन् ।

☑३.६क परिषद्का उपाध्यक्षको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

✖३.७ .....................

४. <u>परिषद् सङ्गठित संस्था हुनेः</u>

४.१ दफा ३ बमोजिम स्थापित परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

४.२ परिषद्को आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

४.३ परिषद्ले व्यक्ति सरह चल–अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

४.४ परिषद्ले व्यक्ति सरह नालिस उजूर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५. <u>परिषद्को बैठक र निर्णयः</u>

५.१ परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

---

☑ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

✖ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा झिकिएको ।

५.२ परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

*५.३ परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा ✪उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुबैको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

५.४ परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिनेछ ।

५.५ परिषद्को निर्णय सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

५.६ परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

📖५क. <u>सभाको काम, कर्तव्य र अधिकारः</u> सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

५क.१ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्लाई मार्गदर्शन दिने ।

५क.२ परिषद्को नीति निर्धारण गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्ने गराउने ।

५क.३ प्राविधिक शिक्षा एवं व्यावसायिक तालीमको विकास र विस्तार समयानुकुल भए नभएको मूल्याङ्कन गर्ने गराउने ।

५क.४ परिषद्को वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

५क.५ दीर्घकालीन योजना तयार गर्न लगाउने र त्यसको कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउन लगाउने ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

✪ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।

📖 पहिलो संशोधनद्वारा थप ।

५क.६ आवश्यकतानुसार समिति, उपसमिति वा अध्ययन अनुसन्धान टोली गठन गर्ने गराउने ।

५क.७ परिषद् अन्तर्गतका कुनै निकाय वा अधिकारीलाई आवश्यक निर्देशन दिने ।

५क.८ यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएका अन्य कामहरू गर्ने गराउने ।

*६. परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

६.१ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको विकास गर्नको लागि तोकिए बमोजिमका विभिन्न शिक्षण प्रशिक्षण र अनुसन्धानको व्यवस्था गर्ने र त्यसको सञ्चालनको व्यवस्था मिलाउने ।

६.२ निजी एवं गैर सरकारी क्षेत्रमा स्थापना वा सञ्चालन हुने प्राविधिक शिक्षा एवं व्यावसायिक तालीमको अध्यापन वा सञ्चालनको स्वीकृति दिने र तिनीहरूले पाउने सुविधा र सहयोग सम्बन्धी व्यवस्था गर्ने ।

६.३ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको सम्बन्धमा स्वदेशी विश्वविद्यालय वा शैक्षिक संस्थासँग सम्बन्ध कायम गर्ने र स्तरयुक्त शिक्षा वा तालीममा जोड दिने ।

६.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सम्बन्धी नीति निर्धारण गरी सभामा स्वीकृतिको लागि पेश गर्ने ।

६.५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम कार्यक्रमहरूको क्षेत्र र स्तर निर्धारण गर्ने ।

६.६ आधारभूत तहको सीप तथा तालीम सञ्चालन गर्ने र मध्यमस्तरीय जनशक्ति उत्पादन गर्ने ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

६.७ वहु–प्राविधिक (पोलिटेक्निक) शिक्षालय स्थापना एवं सञ्चालन गर्ने गराउने ।

६.८ नेपाल सरकारको स्वामित्वमा रहेका सङ्गठित संस्था तथा गैर सरकारी सङ्गठित संस्थाद्वारा सीप विकासको निमित्त दिइने व्यावसायिक तालीमको पाठ्यक्रम र पाठ्यपुस्तक निर्धारण समितिले निर्धारण गरे बमोजिम लागू गर्ने गराउने ।

६.९ विभिन्न तालीम सम्बन्धी कार्यक्रमहरू बीच समन्वय कायम गर्ने गराउने ।

६.१० प्राविधिक प्रशिक्षक सम्बन्धी तालीम सञ्चालन गर्ने गराउने ।

६.११ एप्रेन्टिससिप तालीम सम्बन्धी आवश्यक व्यवस्था मिलाउने ।

६.१२ प्राविधिक शिक्षालयको क्षेत्रभित्र विभिन्न स्थानमा अल्पकालीन वा घुम्ती तालीम कार्यक्रम सञ्चालन गर्न प्रशिक्षण केन्द्रहरू, पाठ्य विषय (ट्रेनिङ्ग प्याकेज) तथा तालीम दिने शिक्षक सम्बन्धी आवश्यक व्यवस्था मिलाउने ।

६.१३ सीपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण सम्बन्धी व्यवस्था गर्ने गराउने ।

६.१४ सीप प्रमाणीका बनाउने र सीपको स्तर निर्धारण गर्ने ।

६.१५ सरकारी तथा गैर सरकारी निकायहरूले सञ्चालन गरी आएका सेवाकालीन तथा पूर्व सेवाकालीन, प्राविधिक तथा व्यावसायिक तालीम पाठ्यक्रममा सामञ्जस्य ल्याई त्यस्ता तालीमहरूको राष्ट्रियस्तरमा मूल्याङ्कन गरी स्तर निर्धारण गर्ने र मान्यता प्रदान गर्ने ।

६.१६ आधारभूत, मध्यमस्तरीय तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न आवश्यक कार्य गर्ने गराउने ।

६.१७ सभाले पारित गरेको कार्यक्रमको कार्यान्वयन गर्ने गराउने ।

६.१८ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट सहयोग जुटाउने र प्राप्त सहयोगको सुव्यवस्थित रूपले परिचालन गर्ने गराउने ।

६.१९ नेपाल सरकारलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमका लागि आवश्यक परामर्श दिने ।

६.२० नेपाल सरकारको पूर्व स्वीकृति लिई स्वदेशी, विदेशी वा अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्झौता वा करार गर्ने ।

६.२१ परिषद्को वार्षिक बजेट, प्रगति प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रतिवेदन स्वीकृत वा अनुमोदन वा जानकारीको लागि सभामा पेश गर्ने ।

६.२२ यस ऐनको उद्देश्य कार्यान्वयनको लागि आवश्यक अन्य कार्यहरू गर्ने गराउने ।

✪६क. प्रमाणपत्रको मान्यताः परिषद्बाट सम्बन्धन प्राप्त शैक्षिक संस्थामा प्रवेशिका परीक्षा उतीर्ण गरी कम्तीमा दुई वर्ष अध्ययन गरेका विद्यार्थीलाई परिषद्द्वारा प्रदान गरिएको प्रमाणपत्र विश्वविद्यालय वा अन्य शैक्षिक संस्थाको प्रवीणता प्रमाणपत्र सरह हुनेछ ।

७. समिति, उप–समिति वा कार्य टोली गठन गर्न सक्नेः

७.१ परिषद्ले आफ्नो काम कारबाही सुचारुरुपले सञ्चालन गर्नको लागि आवश्यकतानुसार विभिन्न समिति, उप–समिति वा कार्यटोलीहरू गठन गर्न सक्नेछ ।

७.२ समिति, उप–समिति वा कार्यटोलीहरूको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

८. आर्थिक स्रोत जुटाउने अधिकारः परिषद्ले आफ्नो काम सुचारुरुपले सञ्चालन गर्नको लागि आवश्यक पर्ने रकमको लागि नेपाल सरकारको पूर्व स्वीकृति लिई ऋण लिन, अनुदान प्राप्त गर्न वा अन्य कुनै किसिमबाट आर्थिक श्रोत जुटाउन सक्नेछ ।

---

✪ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।

८क. ↯...........

*९. कर्मचारी सम्बन्धी व्यवस्थाः

९.१ परिषद्ले आवश्यकतानुसार कर्मचारीहरूको नियुक्ति गर्न सक्नेछ ।

९.२ परिषद्को कर्मचारीको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. परिषद्को कोषः

१०.१ परिषद्को एउटा छुट्टै कोष हुनेछ सो कोषमा देहायका रकमहरू रहेछन्ः–

१०.१.१ नेपाल सरकारबाट प्राप्त अनुदान,

१०.१.२ नेपाल सरकार मार्फत कुनै अन्तर्राष्ट्रिय वा विदेशी संस्थाबाट प्राप्त रकम,

१०.१.३ परिषद्को चल अचल सम्पत्तिबाट आर्जन हुने रकम,

१०.१.४ परिषद्लाई प्राप्त अन्य कुनै रकम ।

१०.२ परिषद्को सबै रकम परिषद्को नाममा नेपाल राष्ट्र बैंक वा कुनै वाणिज्य बैंकमा जम्मा गरिनेछ ।

१०.३ परिषद्को तर्फबाट गर्नु पर्ने सम्पूर्ण खर्चहरू उपदफा १०.१ बमोजिमको कोषबाट व्यहोरिनेछ ।

१०.४ परिषद्को खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

११. परिषद्को लेखा र लेखापरीक्षणः

११.१ परिषद्को लेखा नेपाल सरकारको प्रचलित ढाँचा र तरिका बमोजिम राखिनेछ ।

---

↯ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२ द्वारा थप भई शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा खारेज ।

* पहिलो संशोधनद्वारा संशोधित ।



कानून तथा संसदीय मामिला मन्त्रालय

११.२ परिषद्को लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

११.३ नेपाल सरकारले चाहेमा परिषद्को हिसाब किताब सम्बन्धी कागजातहरू र अरू नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१२. अधिकार प्रत्यायोजनः परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार आवश्यकतानुसार परिषद्को समिति, उप–समिति, कार्यटोली ⏭................ वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. नेपाल सरकारले निर्देशन दिन सक्नेः नेपाल सरकारले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम तथा सीपको स्तर निर्धारण एवं प्रमाणीकरण सम्बन्धमा परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१४. नेपाल सरकारसँग सम्पर्कः परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा ॥शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१५. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य पूर्तिका लागि नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

१६. विनियम बनाउने अधिकारः परिषद्ले आफ्नो कार्य सञ्चालनको लागि यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक विनियमहरू बनाउन सक्नेछ ।

✪त्यसरी बनाइएका विनियमहरु ॥शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएपछि मात्र लागू हुनेछन् ।

कानून तथा न्याय मन्त्रालय

---

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

॥ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

✪ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।

१७. <u>खारेजी र बचाउः</u>

१७.१ प्राविधिक तथा व्यावसायिक शिक्षा समिति (गठन) आदेश, २०३९ खारेज गरिएको छ र सो आदेश बमोजिम गठित समितिको सबै हक तथा दायित्व परिषद्‌मा सर्नेछ ।

१७.२ प्राविधिक तथा व्यावसायिक शिक्षा समिति (गठन) आदेश, २०३९ अन्तर्गत भए गरेको सम्पूर्ण काम कारबाही परिषद्‌बाट भए गरेको मानिनेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

---

<u>द्रष्टव्यः</u> १. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः–
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

२. शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ रुपान्तर भएका शब्दहरुः–

(क) "शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय" को सट्टा "शिक्षा तथा खेलकुद मन्त्रालय" ।

(ख) "आधारभूत तथा मध्यमस्तरीय" को सट्टा "आधारभूत, मध्यमस्तरीय तथा उच्चस्तरीय" ।